## संवत् २०७८ साल चैत १ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. गृह मन्त्रालयः प्रहरी (दशौं संशोधन) नियमावली, २०७८ उपर लोक सेवा आयोगको परामर्श लिन स्वीकृति दिने ।

२. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०७८ साल चैत १ गते मङ्गलबार राती १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

३. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका डा. रमेशप्रसाद सिंहसमेत २ (दुई) जना अधिकृतलाई सरुवा गर्ने ।

## संवत् २०७८ साल चैत ६ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको ढाँचा र हिस्सा एवं वित्तीय समानीकरण अनुदान वितरणको अनुमानित सीमा स्वीकृत गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा प्रेमराज भण्डारीलाई नियुक्त गर्ने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत नियमन आयोगको रिक्त सदस्य पदमा श्री गौतम डंगोललाई नियुक्त गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सुनकुडा-बलाँच १३२ के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने ।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः एक्जिआटा इन्भेस्टमेन्ट (यू.के.) लिमिटेड र एनसेल प्राइभेट लिमिटेड विरुद्ध नेपाल भएको मध्यस्थतासम्बन्धी मुद्दाको सुनुवाईमा उपस्थित हुन स्वीकृति दिने ।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल सरकारको तर्फबाट Protocal Between the General Administration of customs of the People's Republic of China and the Ministry of Agriculture and Livestock Development of Government of Nepal of the safety and health condition of haylage expert form Nepal to china मा हस्ताक्षर गर्न सहमति दिने।

७. खानेपानी मन्त्रालयः खानेपानी मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति दिने ।

८. गृह मन्त्रालयः प्रहरी (दशौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने ।

९. परराष्ट्र मन्त्रालयः पाँचौं बिम्स्टेक (BIMSTEC) शिखर सम्मेलनमा बिम्स्टेक बडापत्र लगायत अन्य दस्तावेजहरूमा नेपालको तर्फबाट हस्ताक्षर गर्न स्वीकृति दिने ।

१०. परराष्ट्र मन्त्रालयः बिम्स्टेक (BIMSTEC) को पाँचौं शिखर सम्मेलनमा सम्माननीय प्रधानमन्त्रीबाट भर्चुअल रुपमा सहभागिता जनाउने, अठारौं मन्त्रीस्तरीय बैठकमा परराष्ट्र मन्त्री एवं बाइसौं परराष्ट्र सचिव/बरिष्ठ पदाधिकारीहरूको बैठकमा परराष्ट्र सचिवले सहभागिता जनाउने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः श्री आनन्द भैरव माध्यमिक विद्यालयलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः हुलाकी राजमार्ग आयोजना निर्देशनालयअन्तर्गतको तौलिहवा, राजपुर, बहादुरगञ्ज सडक खण्ड, कपिलवस्तुमा जग्गा प्राप्ति र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः 'रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८' जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी पुरुषोतम ढकालसमेत पाँच महासेनानीको बढुवा गरी पदस्थापन तथा सहायक रथी मधुकर सिंह कार्कीसमेत तीन सहायक रथी र नौ महासेनानीको सरुवा गर्ने ।

१५. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्रालयका मन्त्री र सचिवलाई स्वीडेनको स्टकहोममा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

१६. वन तथा वातावरण मन्त्रालयः दुधकुण्ड खोला जलविद्युत आयोजना (१२ मे.वा.) निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१७. वन तथा वातावरण मन्त्रालयः पुष्पलाल मध्यपहाडी लोकमार्गअन्तर्गत आरुघाटदेखि मादी पुलसम्मको सडक स्तरोन्नतिका लागि गोरखा जिल्लाको वन क्षेत्र प्रयोग गर्न दिने ।

१८. वन तथा वातावरण मन्त्रालयः सोलुखोला जलविद्युत आयोजनाको १३२ केभी प्रसारणलाइनको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१९. वन तथा वातावरण मन्त्रालयः चेपे ए जलविद्युत आयोजना (७ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

२०. वन तथा वातावरण मन्त्रालयः वन पैदावार विकास समितिका कार्यकारी अध्यक्ष श्री दीपा दाहाललाई पदबाट वर्खास्त गर्ने ।

२१. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्रीलाई दुबईमा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः पाथीभरा क्षेत्र विकास समितिको अध्यक्षमा रक्षी थेवेलाई तोक्ने ।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः भारतको हैदरावादमा आयोजना हुने Wings India 2022 कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

२४. सहरी विकास मन्त्रालयः साबिक विराटनगर नगर विकास समितिको क्षेत्र संशोधन गरी विराटनगर नगर विकास समिति गठन गर्ने ।

२५. सहरी विकास मन्त्रालयः Pre- meeting on the implementation of the New Urban Agenda विषयक Virtual बैठकमा सहरी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

२६. सहरी विकास मन्त्रालयः कैलालीको धनगढी- ७ मा एकीकृत फोहरमैला व्यवस्थापन र फोहरपानी प्रशोधन केन्द्र निर्माण तथा वातावरणीय अध्ययन प्रक्रिया अगाडि बढाउने ।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय आयुर्वेद विभाग, पूर्वाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालयको नाममा रहेको भवन सहित भौतिक संरचना प्रदेश नं. १ सरकारलाई उपलब्ध गराउने ।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः (५-११) वर्ष उमेर समूहका बालबालिकाको लागि कोभिड-१९

विरुद्धको Pfizer खोप खरिदसम्बन्धी बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने।

२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८ स्वीकृत गर्ने।

३०. खानेपानी मन्त्रालयः खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको नियुक्ति वा मनोनयनसम्बन्धी निर्देशिका, २०७८ स्वीकृत गर्ने।

३१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः श्री हरिहर अधिकारी (श्यामल) लाई राष्ट्रिय समाचार समितिको अध्यक्ष पदबाट हटाउने।

## संवत् २०७८ साल चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल न्याय सेवा, सरकारी वकील समूह, सहन्यायाधिवक्ताको पदमा श्री हिमालय कुमार त्रितालसमेत ५ (पाँच) जनालाई नियुक्त गरी पदस्थापन गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सहन्यायाधिवक्ता श्री अच्युतमणि न्यौपानेसमेत २ (दुई) जनालाई सरुवा गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिवको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालयः नेपाल राजस्व परामर्श विकास समितिका सदस्यमा श्री लेखनाथ शर्मा पंगेनीसमेत २ (दुई) जना व्यक्तिहरुलाई नियुक्त गर्ने।

५. अर्थ मन्त्रालयः नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा श्री बालकृष्ण थापालाई नियुक्त गरी पदस्थापन गर्ने।

६. अर्थ मन्त्रालयः चीन सरकारबाट प्राप्त हुने अनुदान तथा सीमा वारपार रेलमार्ग अध्ययन सम्बन्धी प्राविधिक सहायता स्वीकार गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न स्वीकृति दिने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः Implementation Agreement of China Aid on Oil and Gas Resources Survey Project in Nepal सम्झौताको संशोधन गरी समयावधि थप गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल र जनवादी गणतन्त्र चीनबीच शून्य भन्सार तथा कोटा रहित (Duty Free Quota Free) सुविधा सम्बन्धी LoE स्वीकृत गर्ने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः चोभार सवस्टेशन निर्माणको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने ।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू श्री अर्जुन कुमार खडकासमेत ५ (पाँच) जनाको सरुवा गर्ने।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय र कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा भुवन गिरीसमेत ५ (पाँच) जनालाई नियुक्त गरी पदस्थापन गर्ने।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः दुग्ध विकास संस्थानको महाप्रबन्धक पदमा संजिव झालाई नियुक्त गर्ने ।

१३. गृह मन्त्रालयः श्री केदारभक्त माथेमालाई जापान सरकारबाट प्रदान गरिने सम्मान ग्रहण गर्न स्वीकृति दिने ।

१४. गृह मन्त्रालयः गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको लागि पूर्वस्वीकृति प्रदान गर्ने ।

१५. गृह मन्त्रालयः श्री संगम अधिकारीलाई संयुक्त राज्य अमेरिकाको Department of Army बाट प्रदान गरिने The Army Achievement Medal ग्रहण गर्न स्वीकृति दिने ।

१६. गृह मन्त्रालयः विभूषण प्राप्त गर्नुहुने महानुभावहरूको विवरण संशोधन गर्ने ।

१७. परराष्ट्र मन्त्रालयः जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर तथा परराष्ट्रमन्त्री महामहिम वाङ यीको नेपाल भ्रमण समर्थन गर्ने।

१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय भूमि आयोगको सदस्यमा श्री भैरवराज रेग्मीसमेत २ (दुई) जनालाई नियुक्त गर्ने।
१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुरलाई व्याचलर अफ आर्किटेक्चर विषय अध्ययन अध्यापन गर्न अस्थायी मान्यता स्वीकृति दिने ।
२०. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय युवा परिषद्को उपाध्यक्षलाई पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने ।
२१. वन तथा वातावरण मन्त्रालय; चेपे खोला जलविद्युत आयोजना (८.६३ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न ।
२२. वन तथा वातावरण मन्त्रालयः भालेश्वर माध्यमिक विद्यालय काभ्रेपलाञ्चोकको पुनर्निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।
२३. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्रीलाई Brussels, Belgium मा हुने कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।
२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको गेटामा मेडिकल कलेज स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि शिक्षण अस्पताल स्थापना तथा सञ्चालन गर्ने ।
२५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः तिलौराकोट कपिलवस्तु क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।
२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः बारपाक सुलिकोट गाउँपालिका, गोरखामा रंगशाला निर्माणसमेत ८ (आठ) स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।
२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा श्री सुरेश पन्थीसमेत ५ (पाँच) जनालाई स्थायी नियुक्त गर्ने।
२८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त हुने सदस्य नियुक्तिको लागि सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने।
२९. सहरी विकास मन्त्रालयः राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, पनौतीको आफ्नै भवन र पूर्वाधार निर्माणको कार्य सम्पन्न नहुन्जेलसम्मका लागि प्रगोग गर्ने गरी प्रतिष्ठानको अत्यावश्यक निर्माण र मर्मत संभार कार्य गर्न सहमति प्रदान गर्ने ।
३०. सहरी विकास मन्त्रालयः बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड, २०७८ स्वीकृत गर्ने ।

## संवत् २०७८ साल चैत १७ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषबाट एक अर्ब रुपैयाँ विपद् व्यवस्थापन कोषमा हस्तान्तरण गर्ने ।

२. अर्थ मन्त्रालयः विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वसन्तकालीन बैठकमा नेपालको सहभागिताका लागि माननीय अर्थमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागिता जनाउन स्वीकृति दिने ।

३. अर्थ मन्त्रालयः आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०७८ स्वीकृत गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल-कम्बोडिया टिफा काउन्सिलको प्रथम बैठक भर्च्युअल माध्यमबाट आयोजना गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचलाई व्यवस्थित गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७८ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०७८ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

८. गृह मन्त्रालयसः 'सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश' जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

९. गृह मन्त्रालयः तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१०. गृह मन्त्रालयः नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

११. गृह मन्त्रालयः नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा श्री वसन्त कुमार पन्तसमेत ३ (तीन) जनालाई बढुवा नियुक्त गर्ने ।

१२. गृह मन्त्रालयः श्री शमसेर मियाको अध्यक्षतामा नेपाल हज समिति गठन गर्ने।

१३. परराष्ट्र मन्त्रालयः सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको निमन्त्रणामा गर्नुहुने भारत भ्रमण स्वीकृत गर्ने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ बमोजिम संखुवासभा लगायतका ४३ (त्रिचालिस) जिल्लामा अध्यक्ष पदमा नियुक्त गर्ने।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय भूमि आयोग गठन (संशोधन समेत) आदेश, २०७८ बमोजिम संखुवासभा लगायतका ४९ (उन्नपचास) जिल्लामा ३३ (तेत्तीस) जनालाई विज्ञ सदस्य र ७२ (बहत्तर) जनालाई सदस्य पदमा नियुक्त गर्ने ।

१६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल वायुसेवा निगमका महाप्रबन्धक श्री डिमप्रसाद पौडेललाई सफाइ पेश गर्न सूचित गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागअन्तर्गत महोत्तरी, बाँके, डडेल्धुरा तथा रुकुम (पश्चिम) जिल्लामा मालपोत र नापी कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकोः तुलसीपुर उपमहानगरपालिका र स्पेनको बिलबाओ नगर परिषदबीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति दिने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः फोहरमैला व्यवस्थापनसम्बन्धी कानूनको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः न्यूनतम पारिश्रमिक निर्धारण समितिको रिक्त अध्यक्ष पदमा श्री संगीता खड्कालाई नियुक्त गर्ने ।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः गोरखापत्र संस्थानको रिक्त महाप्रबन्धक पदमा श्री लाल बहादुर ऐरीलाई नियुक्त गर्ने।

२२. अरुण-३ जलविद्युत परियोजनाको पहुँच मार्गअन्तर्गत छ्याङ्कुटी - दिदिङ (०-२४ कि.मि.) खण्डअन्तर्गत जग्गाको छुट मुआब्जा उपलब्ध गराउन जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा वितरण गर्न/गराउन गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालय संखुवासभालाई निर्देशन दिने।

## संवत् २०७८ साल चैत २४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (ख) बमोजिम श्री नारायण प्रसाद दाहाल, चितवनलाई राष्ट्रिय सभाको रिक्त सदस्यमा मनोनीत गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषदः सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्व स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालयः श्री हरिसिद्धी त्रिशक्ति भवानीको १२ बर्षे जात्राको लागि आर्थिक सहायता उपलब्ध गराउने ।

४. अर्थ मन्त्रालयः नेपाल राष्ट्र बैंकका गभर्नरलाई पदमुक्त गर्न श्री पुरुषोत्तम भण्डारीको अध्यक्षतामा जाँचबुझ समिति गठन गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको महाप्रबन्धक पदमा श्री बसन्त कुमार पाण्डेलाई नियुक्त गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः बुढीगण्डकी जलविद्युत आयोजनासम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।६।५ को निर्णय खारेज गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः अमलेखगंज सवस्टेशनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः पश्चिम सेती कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः लाटिनाथ ३३ के.भी. प्रसारण लाइन तथा सवस्टेशनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः कावेली ए जलविद्युत आयोजनाको विद्युत खरिद विक्री सम्झौता र आयोजनाको प्रारुप परिवर्तन गर्ने।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः श्रम अदालतको अध्यक्ष पदमा श्री वासुदेव आचार्यलाई तोक्ने ।

१२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः पुनरावेदन समितिको अध्यक्ष पदमा श्री महेश शर्मा पौडेललाइ तोक्ने ।

१३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा श्री रमेशप्रसाद राजभण्डारीलाई तोक्ने ।

१४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा डा. रवि शर्मा अर्यालला‌ई तोक्ने ।

१५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः पुनरावेदन समितिको अध्यक्ष पदमा श्री वालेन्द्र रुपाखेतीलाई तोक्ने ।

१६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सैनिक विशेष अदालतको अध्यक्ष पदमा श्री महेशप्रसाद पुडासैनीलाई तोक्ने ।

१७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः याक आनुवांशिक श्रोत केन्द्र, सोलुखुम्वुमा याक र नाक चरनका लागि जग्गा प्राप्ति गर्ने ।

१८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल पशु चिकित्सा परिषद्को अध्यक्षमा डा. ब्रज किशोर प्रसाद साहालाई नियुक्त गर्ने ।

१९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः राष्ट्रिय चिया तथा कफि विकास वोर्डका कार्यकारी निर्देशक श्री विष्णु प्रसाद भट्टराईलाई सफाई पेश गर्ने मौका दिने ।

२०. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कपास विकास समितिको अध्यक्ष पदमा श्री हेमन्त राज काफ्लेलाई नियुक्त गर्ने ।

२१. खानेपानी मन्त्रालयः पूर्व प्रधानमन्त्री स्व. कृष्ण प्रसाद भट्टराईको सालिक र शिलापत्र राख्न स्वीकृति प्रदान गर्ने ।

२२. खानेपानी मन्त्रालयः मेलम्ची खानेपानी आयोजनाको पुनर्निर्माण कार्ययोजना संशोधन गर्ने।

२३. गृह मन्त्रालयः जानकी श्रेष्ठलाई क्षतिपूर्ति उपलब्ध गराउने ।

२४. गृह मन्त्रालयः विभूषण प्राप्त गर्नुहुने महानुभावहरूको विवरण संशोधन गर्ने ।

२५. गृह मन्त्रालयः रामनवमीको अवसरमा सार्वजनिक बिदा दिने ।

२६. परराष्ट्र मन्त्रालयः जनवादी गणतन्त्र चीन लगायतका २० (वीस) देशहरूमा राजदूत नियुक्तिका लागि सिफारिस गर्ने ।

२७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः जनता माध्यमिक विद्यालय रामेछापलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

२८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका अध्यक्ष पदमा श्री काशीराज दाहाल र सदस्यमा श्री केशवराज आचार्यलाई नियुक्त तथा मनोनयन गर्ने ।

२९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः पाँचखाल नगरपालिकालाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

३०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः महाशिला गाउँपालिकालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

३१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः रानीमहल अर्गेली सडक खण्डमा पर्ने घरटहराहरू हटाई जग्गा प्राप्त गर्ने ।

३२. युवा तथा खेलकुद मन्त्रालयः रकि माउन्टेन च्याम्पियनसिप, २०२२ कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

३३. युवा तथा खेलकुद मन्त्रालयः नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता मिति २०७९/०२/२२ देखि २०७९/०२/२८ सम्म गण्डकी प्रदेशको पोखरामा सञ्चालन गर्ने ।

३४. युवा तथा खेलकुद मन्त्रालयः Tri-Nations Series T20 I क्रिकेट प्रतियोगितामा सहभागी खेलाडी, मुख्य प्रशिक्षक तथा अफिसियल/सहायक प्रशिक्षकलाई नगद पुरस्कार प्रदान गर्ने ।

३५. रक्षा मन्त्रालयः उपरथी सुरेश कुमार कार्कीलाई बेलायतमा सञ्चालन हुने Building Integrity for Senior Leaders Course (BISL) तालिममा सहभागी हुन स्वीकृति दिने ।

३६. रक्षा मन्त्रालयः स्थानीय तहको निर्वाचनमा नेपाली सेना परिचालन गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

३७. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी किरण थापासमेत ६ महासेनानीहरूको सरुवा गर्ने ।

३८. वन तथा वातावरण मन्त्रालयः ठुलो खोला जलविद्युत आयोजना (२१.३० मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

३९. वन तथा वातावरण मन्त्रालयः हिदीखोला जलविद्युत आयोजना (६.८२ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

४०. वन तथा वातावरण मन्त्रालयः जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा श्री संगीता यादवलाई नियुक्त गर्ने।

४१. वन तथा वातावरण मन्त्रालयः कोशीटप्पु वन्यजन्तु आरक्ष स्थापना गर्दा विस्थापितहरूका सन्दर्भमा श्री राजकुमार राईको अध्यक्षतामा ९ सदस्यीय आयोग गठन गरी कार्य जिम्मेवारी दिने ।

४२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि जग्गा प्राप्त गर्ने तथा विश्वविद्यालयको पूर्वाधार निर्माणस्थल तोक्ने ।

४३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः डडेल्धुरा अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरी सुदूरपश्चिम विश्विद्यालय अन्तर्गत आङ्गिक मेडिकल कलेज सञ्चालन गर्ने ।

४४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः रोजगार अनुमति प्रणाली (इ.पि.एस.) मार्फत नेपाली नागरिकलाई रोजगारीका लागि दक्षिण कोरिया पठाउने सम्बन्धी समझदारीपत्र नवीकरण गर्ने ।

४५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः 5th Global Conference on the Elimination of Child Labour सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र सचिवलाई सहभागिता जनाउन स्वीकृति दिने ।

४६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः दृष्टिविहिन नागरिक अमिट के.सीलाई सर्वोच्च शिखर सगरमाथा हिमाल आरोहण गर्दा लाग्ने रोयल्टी रकम मिनाहा (छुट) गर्ने ।

४७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः अष्ट्रेलियाको एडिलेडमा हुने उच्चस्तरीय भ्रमण कार्यक्रममा माननीय मन्त्री प्रेम बहादुर आलेलाई सहभागिता जनाउन स्वीकृति प्रदान गर्ने ।

४८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल वायुसेवा निगमको सञ्चालक सदस्यमा क्याप्टेन सुधिर समशेर राईसमेत २ (दुई) जनालाई नियुक्त गर्ने ।

४९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः इस्मा गाउँपालिकाको परियोजनाको लागि प्राप्ति गर्ने जग्गाको साविक ठेगाना सच्याई जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

५०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पर्यटन विभागको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने ।

५१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिको सदस्यमा श्री रन्जन कृष्ण अर्यालसमेत २ (दुई) जनालाई मनोनयन गर्ने ।

५२. सहरी विकास मन्त्रालयः संयुक्त राष्ट्र संघको मुख्यालय न्यूयोर्कमा हुने New Urban Agenda कार्यान्वयन प्रगतिको उच्चस्तरीय बैठकमा सहरी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

५३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक श्री सुनिल पौडेलको राजीनामा स्वीकृत गर्ने ।

५४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको रिक्त प्रबन्ध निर्देशक पदमा श्री सुनिल पौडेललाई नियुक्त गर्ने ।

५५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः प्रमुख कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन (एघारौं तह) डा. किरण प्रसाद श्रेष्ठको तीन वर्ष सेवा अवधि थप गर्ने ।

५६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः ज्येष्ठ नागरिक अस्पताल स्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने।

५७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदबाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने ।

५८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदबाट फिर्ता लिन स्वीकृति दिने ।

५९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य सेवा, अधिकृत (एघारौं तह) मा डा. अल्वानिया पियासमेत ५ (पाँच) जनालाई बढुवा नियुक्त गर्ने ।

६०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः प्रमुख कन्सल्टेण्ट आयुर्वेद विज्ञ, अधिकृत (एघारौं तह) डा. राम आधार यादवलाई संघ पुलमा समायोजन गर्ने ।

## संवत् २०७८ साल चैत ३० गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालयः विश्व बैंकबाट आर्थिक वृद्धिको लागि वित्तअन्तर्गत बजेटरी सहायताको रूपमा प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करिब रु. १८ अर्ब) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने।

२. अर्थ मन्त्रालयः संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकासका लागि सहयोग निकाय (USAID) बाट प्राप्त हुने अमेरिकी डलर ६५९ मिलियन (करिब रु. ७९ अर्ब ७१ करोड) अनुदान सहायता रकम स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालयः ईन्धन शिर्षकमा विनियोजित भई हाल बाँकी बजेटमा २० (बीस) प्रतिशत कटौती गरी ईन्धन खर्चमा मितव्ययिता कायम गर्ने ।

४. अर्थ मन्त्रालयः सरकार-सरकार (जी-टु-जी) बीच अन्तःशुल्क स्टिकर खरिदका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

६. खानेपानी मन्त्रालयः ११ (एघार) वटा चार पाङ्ग्रे सवारी साधन सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समिति समेतका ११ (एघार) वटा खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गर्न स्वीकृति दिने ।

७. गृह मन्त्रालयः सशस्त्र प्रहरी महानिरीक्षक पदमा श्री पुष्पराम के.सीलाई बढुवा नियुक्त गर्ने ।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः मायादेवी गाउँपालिकालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः कर्जन्हा नगरपालिकालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१०. रक्षा मन्त्रालयः श्री गोरखदल गण सुरक्षा गुल्म रामपुर, पाल्पाको लागि जग्गा प्राप्ति गर्ने ।

११. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी अमुल कार्की ढलीलाई अवकाश पूर्व सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने ।

१२. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी हेम कुमार गिरीलाई अवकाश पूर्व सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने ।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः सात प्रदेशमा मेडिकल कलेज स्थापना तथा सञ्चालनसम्बन्धी अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति दिने ।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः वैदेशिक रोजगारीका लागि सर्बिया खुला गर्ने ।

१५. सहरी विकास मन्त्रालयः राष्ट्रिय आवास कम्पनी लिमिटेडको अध्यक्ष श्री रामआधार कापरको राजीनामा स्वीकृत गर्ने ।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य सेवा, अधिकृत (एघारौं तह) मा डा. विनोद राजभण्डारीसमेत ६ (छ) जनालाई बढुवा नियुक्त गर्ने ।

१७. अर्थ मन्त्रालयः कर्मचारी सञ्चय कोष कर्मचारी सेवा शर्त नियमावली, २०७८ स्वीकृत गर्ने।

१८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः बालबालिकासम्बन्धी नियमावली, २०७८ स्वीकृत गर्ने।